# दूधपोखरी गाउँपालिकाको गाउँसभामा

गाउँपालिका उपाध्यक्ष क्षेत्र बहादुर गुरुङ द्वारा प्रस्तुत

दूधपोखरी गाउँपालिकाको बजेट आर्थिक वर्ष २०८१/८२

दूधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडा, लमजुङ
गण्डकी प्रदेश, नेपाल

गाउँसभाका आदरणीय अध्यक्षज्यू,
गाउँसभाका सदस्यज्यूहरु,
सम्पूर्ण कर्मचारी वर्गहरु,
पत्रकारज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

1. यस महत्वपूर्ण अवसरमा म सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक जन-आन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवं ज्ञात अज्ञात शहीदहरु तथा बेपत्ता र पीडित नागरिकहरु प्रति स्थानीय सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहान्छु ।
2. संघ, प्रदेश र स्थानीय तहवीचको सहकारिता, सहअस्तित्व र समन्वय लाई प्रवर्दन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गरी सिंहदरवार गाउँमै आएको अनुभूति जनतालाई दिनुपर्ने अवसर, दायित्व र चुनौती हामी मांझ आएको छ ।
3. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष सम्म हासिल भएका उपलब्धिहरु संस्थागत गर्दै जनप्रतिनिधमूलक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको निर्माण गर्ने प्रणालीबाट निर्देशित हुँदै समाजवाद उन्मुख उदयमान गाउँपालिकाको रुपमा स्थापित गर्न यो बजेट केन्द्रित गरेको छु ।
4. बजेट तर्जुमा गर्दा मैले मूलत: नेपालको संविधान र कानूनहरु, नेपाल सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, विनियोजन विधेयक, २०८१ को सिद्धान्त र प्राथमिकता, गाउँपालिका निर्मित विविध कानुनहरु, गाउँकार्यपालिकाका निर्णयहरु तथा दीगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु । साथै, विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु ।
5. स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजस्व वाँडफाँडलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै यस बजेटमा गाउँपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैर कर राजस्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।
6. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँड र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका वीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएकोछु ।

7. समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण, परिपूरक कानुन तर्जुमा, भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको आधार विस्तार, उत्पादन र उत्पादकत्व बृद्धि, आयोजनाको प्राथमिकीकरण, असल शासन प्रवर्दन र अन्तरसरकारी समन्वय हाम्रो सरकारको प्रमुख चुनौती रहेका छन् ।

**सभाका अध्यक्षज्यू,**
**सभाका सदस्यज्यूहरु,**

8. अव म आगामी आर्थिक वर्ष २०८०/८१ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्य निम्न अनुसार रहेका छन् :
1) संकटग्रस्त अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउनु,
2) जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु,
3) लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु,
4) कानुनी राज्य र दिगो विकासको अवधारणाअनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्नु,
5) स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु,

6) स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु ।

9.आगामी आर्थिक वर्षको बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु।

1) कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय क्षेत्रको विकास मार्फत आर्थिक विकास ,
2) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विकास मार्फत सामाजिक विकास,
3) वन, वातावरण तथा विपद् व्यवस्थापन, र
4) सुशासन तथा संस्थागत विकास

**सभाका अध्यक्ष महोदय,**

**सभाका सदस्यज्यूहरु,**

अब म चालु आर्थिक वर्ष २०८०/८१ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

10. चालु आर्थिक वर्षमा ४० लाख राजस्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक वर्षको ज्येष्ठ मसान्त सम्म २१ लाख २ हजार ८८ रुपैया राजस्व संकलन भएको छ । त्यसैगरी चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत ६ करोड ९९ लाख संघीय राजस्व वाँडफाँड बापत र ३ करोड ९८ लाख ८२ हजार रुपैया प्राप्त भएको छ । त्यस्तै प्रदेश वित्तिय समानीकरण अनुदानवापत ७१ लाख ६२ हजार आय प्राप्त भएको छ । प्रदेश राजस्व बाँडफाँड बाट प्राप्त हुने आय ज्येष्ठ मसान्त सम्म ३४ लाख ४२ हजार रुपैया रहेको छ ।
11. चालु आर्थिक वर्षको सशर्त अनुदान तर्फ रु ९ करोड ५८ लाख ९७ हजार रुपैया प्राप्त भएको छ। त्यस्तै सामाजिक सुरक्षा भत्ता बापत रु ५ करोड ५१ लाख ८६ हजार रुपैया प्राप्त भएको छ ।
12. चालु आर्थिक वर्षको ज्येष्ठ मसान्त सम्म चालु खर्च रु १२ करोड ९० लाख ३ हजार रुपैया तथा पूँजीगत खर्च रु ७ करोड ९८ लाख ४४ हजार गरी जम्मा रु २० करोड ८८ लाख ४८ हजार रुपैया व्यय भएको छ । आर्थिक वर्ष २०७८/७९ को राजस्व र व्ययको यथार्थ विवरण , आर्थिक वर्ष २०७८/७९ को ज्येष्ठ मसान्त सम्मको आय तथा व्यय विवरण र आर्थिक वर्ष २०७९/८० को अनुमानित आयव्ययको विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

सभाध्यक्ष महोदय,

सभाका सदस्य ज्यूहरु,

अब म क्षेत्रगत रुपमा आगामी वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**सडक पूर्वाधार**

13. भौगोलिक आवद्धता कायम गर्न, कृषि तथा उद्योग व्यवसायको विकास गर्न, जनजीवन सहज गर्न र उच्च आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी निर्माण सम्पन्न सडकको स्तरोउन्नति गर्ने कार्यका लागि प्यार्जुंग पातले सडक स्तरउन्नतिका लागि १ करोड ५० लाख र लामागाउँ सामघडेरी सडक स्तरउन्नतिका लागि १ करोड ४० लाख र अन्य सडकहरुका लागि उल्लेख्य रुपमा बजेट विनियोजन गरेको छु ।
14. गाउँपालिकाबाट संचालन हुने योजनाहरुको गुणस्तर कायम गर्नका लागि प्राविधिक प्रयोगशालामा आवश्यक उपकरणहरु खरिद गर्नका लागि रु १० लाख वजेट विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाई**

15. आधारभुत खानेपानी नपुगेको गाउँवस्तीमा खानेपानी पुर्याउने कार्यक्रमलाई निरन्तरता दिएको छु । वाश प्लान संघीय सरकारसंग लागत साझेदारी गरी सम्पन्न गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**ऊर्जा विकास**

16. पेट्रोलियम पदार्थको प्रयोगलाई प्रतिस्थापन गर्न जल विधुत तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोग बढाउन जोड दिइएको छ । उज्यालो गाउँपालिका बनाउने हाम्रो सरकारको प्रतिवद्धतालाई पूरा गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सह-लगानीमा ऊर्जाको उत्पादन, वितरण र व्यवस्थापनमा जोड दिईनेछ । जसका लागि रु १० लाख बजेट बिनियोजन गरेको छु ।

**सिंचाइ भवन तथा शहरी विकास**

17. भौतिक संरचनाको अभावमा गाउँपालिकाले प्रदान गर्ने सार्वजनिक सेवामा रहेको असहजता हटाउन प्रशासकिय भवन स्तरउन्नति गर्नको लागि रु २० लाख बजेट विनियोजन गरेको छु ।

**पर्यटन**

18. उच्च आर्थिक वृद्धि, उत्पादक, रोजगारी र आयको वितरणलाई तत्काल टेवा पुर्याउने प्रतिस्पर्धी क्षेत्रको रुपमा अथाह संभावना बोकेको पर्यटन क्षेत्रको विकासलाई मैले जोड दिएको छु । दुधपोखरी गाउँपालिकाको आकर्षक, मनोरम गन्तव्यको रुपमा परिचित ईलमपोखरी पर्यटकीय स्थलमा वार्षिक हुने मेलालाई व्यवस्थापन ( पार्किंग तथा खानेपानी ) गर्न आवश्यक बजेट विनियोजन गरेको छु । दूधपोखरी कुण्ड जाने पदमार्गमा अवस्थित रहेका धर्मशालाहरुको मर्मत संभार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु । बुद्ध हिमाल – हिमालचुली ग्रेट लेक सर्किट ट्रेलको विस्तृत परियोजना प्रतिवेदन तयारगर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**कृषि तथा सहकारी क्षेत्र**

19. नागरिकको खाद्य अधिकार सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न, ठुलो संख्यामा रहेका कृषक परिवारको आयस्तर वृद्धी गर्न तथा सवल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरण जरुरी छ । यसका लागि उन्नत बीउविजन, मलखादको व्यवस्था तथा सिचाईको प्रवन्ध गर्दै उन्नत खेती र उच्च मूल्यका बालीको विकास गर्न आवश्यक रकमको व्यवस्था गरेको छु ।
20. बेमौसमी तरकारी प्रवर्दन गर्नका लागि ५० प्रतिशत अनुदानमा प्लास्टिक टनेल निर्माण कार्यक्रम गर्न ४ लाख विनियोजन गरेको छु ।
21. पशुपालनको प्रचुर सम्भाव्यता रहेको यस गाउँपालिकामा कृषकलाई व्यवसायिक पशुपालन तर्फ आकर्षित गर्न भेडा, बाख्रा, भैंसी, कुखुरा, बंगुर लगायतका पशुपालन कार्यको लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु।
22. पशु खोर निर्माण तथा सुधार कार्यका लागि ५० प्रतिशत अनुदानमा आवश्यक विनियोजन गरेको छु ।
23. पशुहरुको स्वास्थ्यलाइ मध्यनजर गर्दै मेडिकल उपचार माइनर सर्जिकल, आन्तरिक तथा वाहिरी परजीवि नियन्त्रण, गोवर परिक्षण, थुनेलो परिक्षण, छाला रोग निदान गर्न उपचार सेवा र प्रयोगशाला कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था मिलाएको छु ।

**वन, वातावरण र विपद व्यवस्थापन**

24. जनसाधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाई भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग सम्वन्धी कार्यक्रमका संचालन आवश्यक वजेटको व्यवस्था गरेको छु ।
25. वर्षयाममा हुने अधिक वर्षाका कारण क्षति भएका सडक मर्मत, नाली सरसफाई तथा अन्य विपदबाट हुने क्षतिपूर्तिका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
26. यस गाउँपालिकाभित्र हुने विपद जोखिम मुल्यांकन तथा न्यूनीकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**शिक्षा,युवा तथा खेलकुद**

27. आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा मैले सामाजिक रुपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा सर्वोपरी जोड दिएको छु । शिक्षालाई प्राविधिक, व्यवसायिक तथा रोजगारमूलक बनाउँदै सक्षम, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।
28. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गर्न आवश्यक वजेट विनियोजन गरेको छु । विद्यालयलाई दिइंदै आएको विद्यालय अनुदान रकमका लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
29. आगामी आर्थिक वर्ष समेत अन्तर-माध्यमिक विद्यालय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन, आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन, विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप संचालन, अभिभावक शिक्षक कार्यक्रम, बाल सहजकर्ता तालिम, नेतृत्व विकास तालिम समेतका लागि गाउँपालिकाको शिक्षा शाखामा आवश्यक बजेट विनियोजन गरेको छु ।
30. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई प्रविधिमैत्री बनाई डिजिटल प्रणाली स्थापना गर्नका लागि एक विद्यालय एक ल्यापटप लागत साझेदारीमा वितरण गर्न यसै आर्थिक वर्षबाट सुरुवात गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**स्वास्थ्य**

31. विकासको साध्य र साधन दुवै नागरिकनै भएकाले सवै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पुँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई वजेट विनियोजन गरेको छु ।
32. गाउँपालिका भित्रका स्वास्थ्य सेवा प्रदायक संस्थाबाट प्रदान गर्न तोकिएका आधारभूत स्वास्थ्य सेवा भरपर्दो, सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यक्रमका लागि गाउँपालिकाको स्वास्थ्य शाखा लाई आवश्यक रकम विनियोजन गरेको छु ।
33. स्वास्थ्यजन्य सामग्रीको कमि नहोस भनेर औषधिजन्य सामग्री खरिदको लागि ११ लाख ७५ हजार बिनियोजन गरेको छु । स्वास्थ्य प्रयोगशालाका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरु खरिद गर्नका लागि आवाश्यक वजेट विनियोजन गरेको छु ।
34. गाउँघर क्लिनिक संचालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरेको छु । महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुको यातायात खर्चका लागि मासिक १ हजार दिने गरि बजेट विनियोजन गरेको छु ।
35. यस गाउँपालिका भित्रका गर्भवती महिलाहरुलाई बर्थिंग सेन्टरमा आई सुरक्षित सुत्केरी भए वापत एकमुष्ट रु ५ हजार दिने गरि वजेट व्यस्थापन गरेको छु । महिलाहरुको पाठेघर सम्बन्धि हुने समस्याहरुको उपचारको लागि स्वास्थ्य शिविर संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सामाजिक संरक्षण र नागरिक संरक्षण**

36. गाउँपालिकामा जेष्ठ तथा अपांग नागरिकहरुको अनुहारमा मुस्कान छर्ने जेष्ठ नागरिक सम्मान कार्यक्रममा संचालन गर्न आवश्यक वजेट विनियोजन गरेको छु ।

**संस्कृति**

37. स्वस्थ र सभ्य संस्कृतिको विकास गरी समाजिक सु-सम्वन्धमा आधारित समाजको निर्माण गर्नका लागि ईलमपोखरी मेला प्रबर्धन कार्यक्रम अन्तर्गत आवश्यक बजेट बिनियोजन गरेको छु ।

**सुशासन र सार्वजनिक सेवा प्रवाह**

38. नेपाल सरकार, प्रदेश सरकार तथा अन्य विकास साझेदार संस्था संग सहलगानीमा गाउँपालिकाको पूर्वाधार विकासका लागि समपूरक कोषमा रु ४ करोड बजेटको व्यवस्था मिलाएको छु ।

39. आगामी आर्थिक वर्ष २०८१/८२ मा विभिन्न विषय क्षेत्रगत आर्थिक, सामाजिक, पूर्वाधार, वन, वातावरण तथा विपद व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा अनुमानित विनियोजन भएको वजेट अनुसूचीमा समावेश गरेको छु ।
40. यस गाउँपालिकामा हाल एक थानमात्र चार पांग्रे सवारी साधन भएको र उक्त सवारी साधनले मात्र सेवा प्रवाहलाइ चुस्त दुरुस्त बनाउन नसकिएकोले थप एक थान चार पांग्रे सवारी साधन आवश्यक भएको रु ६० लाख वजेट विनियोजन गरेको छु।

**सभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यज्यूहरु,**

अव म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

41. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ३६ करोड २८ लाख ५७ हजार रकम खर्च हुने अनुमान गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ रु २४ करोड ६३ लाख ५७ हजार अर्थात् ६८ प्रतिशत र पुँजीगततर्फ रु ११ करोड ६५ लाख अर्थात् ३२ प्रतिशत रहेको छ ।
42. आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशिर्षकगत तथा खर्च शीर्षकगत समेत) गाउँपालिकाको विनियोजन विधेयक, २०७९ संगै पेश गरेको छु ।
43. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ७ करोड ५७ लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व वाँडफाँड रु ६ करोड ५८ लाख २१ हजार, सशर्त अनुदान र १४ करोड ८६ लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु ७५ लाख ७१ हजार, प्रदेश राजश्व वाँडफाँड रु ४१ लाख ८५ हजार र आन्तरिक मौज्दातबाट अनुमानित २ उपयोग गरिनेछ ।

**सभाका अध्यक्ष महोदय,**
**सभाका सदस्यज्यूहरु,**

अव म आर्थिक वर्ष २०८१/८२ को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु,

44. स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु ।
45. कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गरिनेछ । कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।
46. आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिक मैत्री कर प्रणाली विकसित गरिनेछ ।
47. गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरुको परिचयपत्र सम्वन्धी, आर्थिक रुपमा विपन्नहरुको निशुल्क उपचार सम्वन्धी तथा प्राकृतिक प्रकोप सम्वन्धी सिफारिश दस्तुर छुट गरिनेछ ।
48. रोडा, ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी ग-४-२ बाँडफाँट खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
49. गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसायलाई करको दायरामा ल्याईनेछ ।
50. कर सम्वन्धी प्रस्ताव आर्थिक विधेयक,२०८१ यसै साथ प्रस्तुत गरेको छु । कर सम्वन्धी प्रस्ताव सम्वत २०८१ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु ।

सभाका अध्यक्ष महोदय,

सभाका सदस्यज्यहरु,

51. यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हाम्रो सरकार पूर्ण प्रतिवद्ध छ ।
52. यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने गाउँपालिका अध्यक्ष, गाउँसभाका सदस्यहरु, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाजका व्यक्तित्वहरु तथा पत्रकार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु ।
53. यो बजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु । साथै, मुलुक भित्र र वाहिर रहनु भएका सवै नेपालीलाई "**समृद्ध दुधपोखरी, सुखी दुधपोखरीबासी**" निर्माणको हाम्रो सरकारको महान यात्रामा सहभागी हुन आब्हान गर्दछु ।

धन्यवाद!

**जय दुधपोखरीवासी!**
**जय दुधपोखरी गाउँपालिका!**
**क्षेत्र बहादुर गुरुङ**
**दुधपोखरी गाउँपालिका**

दुधपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गौंडा, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

क्षेत्र बहादुर गुरुङ
उपाध्यक्ष